सुनवर्षी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

डाईनियाँ, मोरङ

प.सं. २०८२/८३

च.नं.

कोशी प्रदेश, नेपाल

**सुनवर्षी नगरपालिकाको १५ शैयाको नगर अस्पताल निर्माण सम्बन्धी संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना**

प्रकाशन मितिः २०८३/०१/०७

कोशी प्रदेश मोरङ जिल्ला सुनवर्षी नगरकार्यपालिकाको कार्यालय डाईनियाँद्वारा निम्न बमोजिमको प्रस्ताव कोशी प्रदेश वातावरण संरक्षण नियमावली २०७७ को नियम ७(२) अनुसार कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावको नाम र ठेगाना | सुनवर्षी नगरपालिका, डाईनियाँ, मोरङ<br>ईमेलः sunawarshimun@gmail.com; फोन नं.: ०२१-४३३०२५ ०२१-४३३०२६ |
| प्रस्तावको व्यहोरा | प्रप्रस्तावित आयोजना अन्तर्गत १५ शैयाको अस्पताल भवन निर्माण गरिनेछ, जसमा मुख्य अस्पताल भवन, शव गृह, क्यान्टिन तथा सुरक्षाका भवन लगायतका संरचनाहरू समावेश रहेका छन्। उक्त सबै संरचनाहरूको कुल निर्मित क्षेत्रफल ४४४७.६१ वर्गमिटर रहेको छ। यो निर्मित क्षेत्रफल वातावरण संरक्षण नियमावली २०७७ को अनुसूची-१, नियम ३, उपनियम (च), बुँदा (२) अनुसार ३००० देखि ५००० वर्गमिटरको दायराभित्र पर्ने भएकाले संक्षिप्त वातावरणीय अध्ययन आवश्यक पर्ने देखिन्छ।<br>त्यसैगरी, Nepal National Building Code NBC २०८:२००३ अनुसार १५ शैयाको अस्पतालमा दैनिक पानीको खपत करिब ५१०० लिटर हुने अनुमान गरिएको छ, जुन वातावरण संरक्षण नियमावली २०७७ को अनुसूची-१, नियम ३, उपनियम (च), बुँदा (६) अनुसार ५००० देखि १०,००० लिटर प्रतिदिनको दायराभित्र पर्ने हुँदा यस आधारमा पनि उक्त आयोजना संक्षिप्त वातावरणीय अध्ययन आवश्यक पर्ने श्रेणीमा पर्दछ। |
| प्रभाव पर्न सक्ने जिल्ला/ न.पा.: | मोरङ जिल्ला, सुनवर्षी नगरपालिका, वडा नं ९; |

माथि उल्लेखित प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बीच के-कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको वडा तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति तथा संघ संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले १० (दश) दिनभित्र निम्न ठेगानामा आईपुग्ने गरी राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।

राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः

| | |
|---|---|
| प्रस्तावको नाम र ठेगाना | सुनवर्षी नगरपालिका, डाईनियाँ, मोरङ<br>ईमेलः sunawarshimun@gmail.com;<br>फोन नं.: ०२१-४३३०२५ ०२१-४३३०२६ |
| परामर्शदाताको नाम र ठेगाना | श्री डी. एम. एस. कन्सल्ट प्रा. लि.<br>घट्टेकुलो, काठमाडौं, नेपाल<br>फोन नं: ९८४९७४०७२२; ईमेलः dmsconsult22@gmail.com; |

.........................................

हिमालय बराल

प्रमुख प्रशासकीय अधिकृत

प्रमूख प्रशासकिय अधिकृत

"कृषि, शिक्षा, स्वास्थ्य र दिगो पूर्वाधारः समृद्ध सुनवर्षीको आधार"



CS Scanned with CamScanner